२०८१।०४।१५
प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८१ बैशाख १ गते देखि २०८१ असार मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०८१ साउन १५ गते

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१
फ्याक्स नं. ०५६५१५७७१
टोल फ्री नं. १६६०५६५२२२२
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्ला: चितवन
- स्थापना मिति: २०३५ साल
- क्षेत्रफल: ४३२.९५ बर्ग कि.मी.
- वडा संख्या: २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्या: ९६५९१ जनसंख्या: ३६९२६८ महिला:१९०३७१ पुरुष:१७८८९७ साक्षरता प्रतिशत: ८७.२० (जनगणना २०७८ बमोजिम )
- कार्यरत कर्मचारी संख्या: ८३७
- औसत तापक्रम: न्यूनतम १० डिग्री सेल्सीयस. देखि अधिकतम ४० डिग्री सेल्सीयस सम्म
- विद्यालय: आधारभूत विद्यालय ७९, मा. वि. १३०

शाखा अधिकृत

२. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

शाखा अधिकृत

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ४५० रहेकोमा हाल ८३७ जना कार्यरत रहेका छन् ।

४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |



शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुबै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |



शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |



शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | व्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

**५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

**६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद पौडेल समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

**७. २०८१ बैशाख १ गते देखी असार मसान्तसम्म महाशाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

**शैक्षिक प्रशासन महाशाखा**

१. कक्षा १-१२ मा निःशुल्क पाठ्यपुस्तक थप निकासा

२. दिवा खाजा अनुदान, स्यानिटरी प्याड (कक्षा ६-१२ सम्मका छात्राहरू) अन्तिम निकासा

३. सडक बालबालिकाहरूलाई आवासीय छात्रवृत्ति निकासा

४. कक्षा ११-१२ मा विज्ञान विषय पढाउने सामुदायिक माध्यमिक विद्यालयमा प्रयोगशाला उपकरणका लागि अनुदान शीर्षक अन्तर्गत भरतपुर -२७ मा रहेको जानकी माध्यमिक विद्यालय र भरतपुर -१६ मा रहेको दुर्गाशेषकान्त अधिकारी माध्यमिक विद्यालयलाई निकासा



शाखा अधिकृत

५. सामुदायिक तथा संस्थागत विद्यालयका १८३ जना शिक्षकहरूलाई ११ दिने योगसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन

६. मेयर डिजिटल कार्यक्रम अन्तर्गत भरतपुर महानगरपालिकाभित्र सञ्चालित ३ वटा नमुना उन्मुख सामुदायिक विद्यालयहरूलाई निकासा

७. वडा नं. २९ मा कार्यरत शिक्षकहरूलाई आवास भत्ता निकासा

८. बालविकास केन्द्रको वर्गीकरण मापदण्डका आधारमा क श्रेणीका बालविकासका शिक्षकहरूलाई मासिक दुई हजार थप प्रोत्साहन अन्तर्गत वैशाख महिनामा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकाले क श्रेणीमा परेका भरतपुर — ११ मा रहेको हिमालय आधारभूत विद्यालय, भरतपुर - ८ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय कृष्णपुर र भरतपुर -२५ मा रहेको राष्ट्रिय माध्यमिक विद्यालय शोसीका गरी ७ जना बालविकास शिक्षकहरूलाई जेठ र असार महिनाको निकासा

९. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमुना विद्यालय, पढ्दै कमाउँदै, विज्ञान प्रयोगशाला र आइ टि.सी. प्रयोगशाला शीर्षकमा १० वटा माध्यमिक विद्यालयहरूलाई निकासा भएको

१०. पुँजीगत तर्फको योजना अन्तर्गत विद्यालयहरूलाई भुक्तानी गरिएको (अधुरो भवन, कम्पाउण्ड वाल, जस्तापाता, फलसिलिङ, जस्तापाता सहित अन्य)

११. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को नतिजा प्रकाशन, ग्रेड वृद्धि परीक्षा सञ्चालन र विद्यालयहरूलाई ग्रेड सिट(मार्क सिट) वितरण गरिएको

१२. वैशाख देखि असार सम्म अवकास, राजिनामा र सरुवा भई अन्यत्र गएका शिक्षकहरूको खाली भएका स्थानमा पदपुर्तिका लागि सामुदायिक विद्यालयहरूले ५० वटा विज्ञापन अनुमति दिइएको साथै ३ वटा शिक्षकहरूको सरुवा गरिएको

१३. प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान अन्तर्गत दुई वटा विद्यालयलाई रकम निकासा

१४. शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा) अन्तर्गत चितवन माध्यमिक विद्यालयमा सञ्चालन भैरहेको खुला विद्यालयका लागि रकम निकासा भएको

१५. सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरूको वैशाख, जेठ र असार सम्मको तलब भत्ता निकासा



शाखा अधिकृत

युवा तथा खेलकुद शाखा

१.मेयर कप अन्तर विद्यालय फुटबल प्रतियोगिता सम्पन्न

२. प्रथम बागमती प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिता २०८१ मा सहभागिताका लागि महानगरपालिकाबाट टोली सिफारिस

३.प्राविधिक शिक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरूको विद्यार्थी रजिष्ट्रेसन सत्यापन गर्न स्थलगत अनुगमन र नियमानुसार बमोजिम अनुदान निकासा

४. इन्स्योर परियोजना अन्तरगतका विभिन्न कार्यक्रमहरूको अनुगमन तथा रकम निकासा र वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गरेका विद्यालयहरूलाई सम्झौताबमोजिम रकम निकासा

५.मेयरकप बुद्धिचाल प्रतियोगिता सम्पन्न

६. भरतपुर महानगरपालिकाका स्थायी बासिन्दा खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा हासिल गरेका पदकका आधारमा नगद पुरस्कार सहित सम्मान

स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

**क) महिला बालबालिका तथा समाज कल्याण शाखा**

- अति विपन्न वर्गका महिलाका लागि सीप तथा व्यवसायिक विकास कार्यक्रम २ वटा वडाहरु क्रमश वडा नं. ११ र २४ का ४० जनाका लागि प्रति सदस्य रु. १०,०००। का दरले वस्तुगत सहयोग समेत उपलब्ध गराइने गरी सीप तथा तालिम कार्यक्रम सम्पन्न ।

- महानगर क्षेत्रमा बसोबास गर्ने गर्भवती महिलाद्वारा सरकारी स्वास्थ्य संस्थामा जन्म भएका ९९ जना छोरीहरुको बालउमङ्ग जीवन वीमा गरिएको छ भने १२३ जना छोरीहरुको बीमा नवीकरण गरिएको ।

- संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन, जनयुद्ध तथा सबै प्रकारका आन्दोलनमा शहिद भएका तथा वेपत्ता पारिएका परिवारका सदस्यहरुका लागि मासिक रुपमा प्रदान गरिने जिविकोपार्जन सहयोग तथा आर्थिक सहायता मार्फत १७ जना वेपत्ता परिवार र ७५ जना मृतक परिवार गरी जम्म ९२ परिवारलाई मासिक रु. २०००। का दरले जम्मा रु ११,०४,०००। - अक्षेरुपी सत्र रकम प्रदान ।



शाखा अधिकृत

- २०८१ वैसाख देखि असार सम्म जम्मा ९१ जनालाई विभिन्न प्रकारका अपाङ्गता परिचय पत्र वितरणको कार्य सम्पन्न भएको छ, जुन यसप्रकार रहेको छ

| सि.नं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | पूर्ण अशक्त अपाङ्गता भएका (क) **वर्ग** | ९ | १३ | २२ |
| २. | अति अशक्त अपाङ्गता (ख) **वर्ग** | २१ | ३७ | ५८ |
| ३. | मध्यम अपाङ्गता (ग) **वर्ग** | २ | ८ | १० |
| ४. | सामान्य अपाङ्गता (घ) **वर्ग** | ० | १ | १ |
| | जम्मा | ३२ | ५९ | ९१ |

- मध्यम खालका अपाङ्गता भएका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २५ जनाको बीमा गरिएको । जसबाट १२५ जना प्रतक्ष्य लाभान्वित भएका छन् भने महानगरले रु. ८७,५००। भुक्तानी गरेको छ ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि अन्तरपुस्ता सीप हस्तान्तरण एवम् अनुभव आदानप्रदान कार्यक्रम २ विद्यालयमा सम्पन्न गरिएको जसमा २०० जना विद्यार्थीहरु प्रतक्ष्य लाभान्वित ।
- समुदायमा आधारित पुनरस्थापना कार्यक्रम अन्तर्गत सीप, शिक्षा, रोजगारी एवम् सहायता सामाग्रीको उपलब्धता गरिएको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिद्धारा नेतृत्व गरिएका सामाजिक संघसस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिएको ।

शाखा अधिकृत

- बालगृहहरुको सञ्चालन अनुमति, नियमनको कार्य । महानगरका विभिन्न वडाहरुमा रहेका १७ वटा बालगृहहरुमा ५४६ जना बालबालिका संरक्षित रहेका जसमध्ये २३१ जना बालक र ३१५ जना बालिका रहेका छन् ।

- अनाथ तथा असाहय बालबालिकाको सामाजिक सुरक्षा, संरक्षण तथा उद्धारका कार्य र परिवार पत्ता लागेका बालबालिकालाई परिवारमा पुनरस्थापना गरिदै आएको (चालु आ.व.मा २७ जना बालबालिकालाई संस्थागत संरक्षणमा पठाइएको छ भने ३१ जना बालबालिकालाई परिवारमा पुनरस्थापना गरिएको छ ।

- बालगृहका व्यवस्थापक एवम् हेरचाह कर्ता गरी ४५ जनाका लागि बालअधिकार संरक्षणका सवाल एवम् मनोसामाजिक विषयक २ दिवसीय कार्यक्रम सम्पन्न ।

- नगर बाल सञ्जालका पदाधिकारीहरुका लागि बालअधिकार र नेतृत्व क्षमता विकास तालिम २ दिने सम्पन्न ।

**<u>मागमा आधारित लक्षित वर्ग उत्थान कार्यक्रम:</u>**

- दराई समुदायको क्षमता अभिवृद्धि र नेतृत्व विकास सम्बन्धी महानगरका विभिन्न ७ स्थानमा १४ दिन कार्यक्रम सञ्चालन गरिएको छ भने २४५ जना उक्त कार्यक्रमबाट प्रतक्ष्य लाभान्वित भएका छन् ।

- दलित वडा महिला सदस्य तथा अन्य दलित महिलाहरुलाई छुवाछुत विरुद्ध र मनोसामाजिक सहयोग सम्बन्धी ३ दिने तालिम सम्पन्न गरिएको र ९५ जना प्रतक्ष्य लाभान्वित भएका ।

- लैङ्गिक हिंसा प्रभावित एवम् द्वन्द्ध पिडित महिला तथा बालबालिकाहरुका लागि नेतृत्व तथा क्षमता विकास सम्बन्धी ३ दिने तालिम सम्पन्न भएको छ भने उक्त कार्यक्रममा ५९ जना प्रतक्ष्य लाभान्वित भएका छन् ।

- भरतपुर महानगरपालिका वडा नं १५ का ३५ जना महिलाहरुका लागि १५ दिने वाद्यवादन तालिम सञ्चालन गरिएको छ भने वाद्यबादन सामाग्रीहरु समेत वितरण गरिएको छ भने वडा नं ६ मा रु. १ लाख बरावरको बाद्यबादन सामाग्री प्रदान गरिएको ।



शाखा अधिकृत

* भरतपुर वडा नं. २९ का २० जना चेपाङ् महिलाका लागि १५ दिने कपाल काट्ने सीप विकास तालिम प्रदान गरिएको छ ।
* कुमाल समुदायको सस्कृतिको संरक्षण गर्न परम्परागत रुपमा मनाईने कुमाल ठूलो नाच एवम वाद्यवादन सम्बन्धी पाँच दिने प्रशिक्षण प्रदान गरिएको थियो भने २४ जना नवपुस्ताले संस्कृति जगेर्नाका लागि प्रतक्ष्य लाभ लिएका थिए ।
* भुजेल समुदायका महिला तथा पुरुषहरुलाई भुजेल समुदायको भाषा सम्बन्धी ७ दिने प्रशिक्षण सम्पन्न भएको, जसमा ५१ जना प्रतक्ष्य लाभान्वित ।
* सीप तथा व्यवसायिक विकासका लागि भुजेल समुदायका ३१ जना महिलाहरुलाई ७ दिने अचार बनाउने तालिम प्रदान ।
* वडा नं. २५ विपन्न महिला सदस्यहरुको सीप तथा व्यवसायिक विकासका लागि जैविक प्याड ( स्यानिटरी प्याड) निर्माणमा सहयोग ।
* संघ सस्था अनुदान कार्यविधिको निर्माण र प्रमाणीकरण गरी उक्त कार्यविधि, २०७९ बमोजिम १९ वटा गैरसरकारी संघसस्थासँग सम्झौता गरी गैससको ३० प्रतिशत लागत साझेदारीमा विभिन्न क्षेत्रगत कार्यक्रमहरु सञ्चालन भएको ।

**ख) जनस्वास्थ्य प्रवर्धन शाखा**

* स्वास्थ्य संस्थाहरुको लागि आवश्यक आधारभूत अपुग औषधी टेण्डर माध्यमबाट खरिद गरी स्वास्थ्य संस्थाहरुमा वितरण ।
* CBIMNCI कार्यक्रमको स्थलगत निरीक्षण तथा अनसाईट कोचिङ गरेको ।
* डेङ्गी रोग सम्बन्धमा स्वास्थ्य कर्मी एवम् पत्रकारहरुलाई २ समूहमा अभिमुखीकरण तथा अर्न्तक्रिया एवम् सरोकारवाला महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई अभिमुखीकरण योजना तर्जुमा तथा डेङ्गी रोग सार्ने लामखुट्टेको बासस्थान खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन ।
* पूर्ण खोप सुनिश्चित वडा घोषणा तथा प्रमाणपत्र वितरण ।



शाखा अधिकृत

- सामाजिक सुरक्षाअन्तर्गत मेरुदण्ड पक्षघात, क्यान्सर तथा मृर्गौला डायालासिस गराईरहेका विरामीहरुको लागि मासिक पाँचहजार खर्च उपलव्ध गराइएको । कूल ८९३ जना विरामी मध्ये महिला ५५२ जना र पुरुष ३४१ जनालाई कूल १,३१,२५,०००। प्रदान गरिएको । विपन्न वर्ग आर्थिक सहयाता रका वितरण जम्मा ५३ जना मध्ये महिला २६ र पुरुष २७ गरी कूल १२,८०,०००। उपलव्ध गराईएको ।
- समुदायसँग मेयर स्वास्थ्य कार्यक्रमको उपलव्धी प्रभावकारिताको विश्लेषण सम्बन्धमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम ।
- जनस्वास्थ्य कार्यालय चितवन तथा जन्त्रसँगको सहकार्यमा महानगर भित्र जोखिमम तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल अभियान अन्तर्गत १६१० जनाको नमुना जाँच गर्दा २७ जनामा पोजेटिभ भेटिएको र उनीहरुलाई उपचारमा ल्याईएको ।
- स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड -(MSS) अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण गरिएको ।

## ग). गैरसरकारी सस्था समन्यव तथा सामुदायिक परिचालन शाखा :

- गैरसरकारी सामाजिक संघसस्थाहरुलाई कार्यक्रम सञ्चालन पूर्व स्वीकृति लगायत सम्पन्न गतिविधिलाई दोहोरो पना हुन नदिने गरी आवश्यकता अनुसार नगर परियोजना परामर्श समितिको बैठक सञ्चालन गरिएको ।
- महानगर क्षेत्रमा कार्यरत गैससहरु बीच चौमासिक अर्न्तक्रिया एवम् समीक्षा कार्यक्रम ।
- गैससको ५० प्रतिशत लागत सहभागितामा कार्यक्रम सञ्चालन ।
- चितवन मानव सेवा आश्रम सञ्चालन तथा व्यवस्थापन सहयोग ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कार्यान्वियनमा फोकल शाखाको रुपमा आवश्यक निर्देशन समन्वय र सहजीकरणका साथै व्यवस्थापनका कार्य । वैदेशिक रोजगारीमा संलग्न परिवारहरुको तथ्याङ्क सङ्कलन, विश्लेषण र पार्श्वचित्र निर्माण गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- टोल विकास संस्थाका पदाधिकारीहरु लाई २ दिने नेतृत्व तथा क्षमता विकास तालिम २ समूहमा सम्पन्न ।
- लक्षित समूह अनुदान सहयोग प्रदान ।

शाखा अधिकृत

## घ). सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

१) व्यक्तिगत घटना दर्ता :विवरण (२०८१ वैसाख देखि २०८१ असार सम्मको )

| जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | बसाई सराई दर्ता | | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|
| | | | आएको दर्ता सङ्ख्या | आएको सदस्य सङ्ख्या | गएको दर्ता सङ्ख्या | गएको सदस्य सङ्ख्या | |
| १२४१ | ५८८ | ६२६ | ८१५ | २४७४ | ३६२ | ८३० | १३९ |

२ ) पुराना हस्तलिखित घटना दर्ताको डिजिटाइज्ड गरिएको सङ्ख्या जम्मा ५०९२२ मध्ये (जन्म ३३१६३, मृत्यु ५३५९, सम्बन्ध विच्छेद ५७, विवाह ११९१७ र बसाईसराई २२६ रहेको)

**ख) सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था :**

चालु आ.व.को चौथो त्रैमासिक सम्म जम्मा २९७२१ जना लाभग्राहीहरुलाई जम्मा २९,९२,२५,०९१। - अक्षेरुपी उनन्तिस करोड वयानव्वे लाख पच्चिस हजार एकानव्वे रुपैया मात्र) वितरण भएको छ, जुन तलको तालिकामा लाभग्राहीको विवरण उल्लेख गरिएको छ ।

| सि.नं. | विवरण | आ.व. २०७९/८० को | |
|---|---|---|---|
| | | जम्मा लाभग्राही | प्रदान गरिएको रकम |
| १. | ज्येष्ठ नागरिक भत्ता ( ७० वर्ष भन्दा माथि) | १८४०४ जना | २२३५०५८८७ |
| २. | ज्येष्ठ नागरिक भत्ता दलित | १४७५ जना | ११६२८१९०। |
| ३. | एकल महिला (६० वर्ष माथिका) | २१५९ जना | १७०८९७४२। |
| ४. | विधवा महिला | ३९२० जना | ३१०७३२२८ |
| ५. | पूर्ण अपाङ्गता (क वर्ग) | ४३५ | ५१७५०३०। |

| | | | |
|---|---|---|---|
| ६. | अतिअशक्त अपाङ्गता (ख वर्ग) | १३०१ जना | ८२१२०८९। |
| ७. | लोपोन्मुख आदिवासी जनजाति | २ जना | २३९४०। |
| ८. | दलित बालबालिका पोषण भत्ता (५ वर्ष मुनिका) | १६२५ जना | २५१६९८५। |
| | **जम्मा** | **२९७२१ जना** | **२९९२२५०९१।** |

- सामाजिक सुरक्षा भत्ता वितरणका लागि लाभग्राहीको नवीकरणका लागि NIN नम्बर अनिवार्य गरिएकाले सो सम्बन्धमा सम्बन्धित वडा कार्यालयका पञ्जिकाधिकारी एवम् सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने कर्मचारीका लागि २ समूहमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।

आर्थिक विकास महाशाखा

१. प्रति लिटर दुधमा रु. ३ अनुदान कार्यक्रम अन्तर्गत ७८ ओटा संघ/संस्थाहरु छनौट भई करिव २ करोड ३९ लाख लिटरमा महानगरको प्रत्यक्ष दुधमा अनुदान रु. ६ करोड ३९ लाख प्रदान गरिएको जसवाट १०, ५६० कृषक लाभान्वित हुन पुगेको ।

२. निर्वाहमुखी कृषकहरुको लागि काउम्याट वितरण कार्यक्रम अन्तर्गत २१२ लाभग्राही छनौट भई २४४ काउम्याट वितरण गरिएको ।

३. पशुपन्छी उपचार, रोग रोखथाम तथा रोग नियन्त्रण कार्यक्रम अन्तर्गत मेडिकल उपचार करिव १३ हजार, निः शुल्क खोप सेवा करिव ८ हजार र पशुपन्छीमा परजीवी नियन्त्रण ८ हजार ५ सय पशुमा निःशुल्क संचालन गरिएको ।

४. पशुवस्तुको नश्ल सुधार कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान सेवा ५०७६ पशुमा (गाईः ४६९३, भैंसीः ३४६, बाख्राः ३७) प्रदान गरियो ।

५. भरतपुर महानगरपालिकाको विभिन्न वडामा विज्ञ सहितको दक्ष प्राविधिक टोलि हर्ड हेल्थ तथा फर्म रेकर्ड कार्यक्रम मार्फत ९० भन्दा बढी व्यवसायिक फर्ममा सेवा प्रदान गरियो । पशुवस्तु तथा मानिसमा आदानप्रदान हुन सक्ने जुनोटिक रोग रोकथाम तथा नियन्त्रण सम्वन्धी अभिमुखीकरण कार्यक्रम भरतपुर महानगरपालिकाको वडा नं. १३ मा सम्पन्न गरियो

कृषि विकास

१. आइ.पि.एम. कृषक पाठशाला सहजकर्तासँग सम्झौता गरी १० वटा आइ.पि.एम. कृषक पाठशाला संचालन कार्यक्रम समन्न २५० सहभागी संख्या



शाखा प्रमाणित

२. मेयरसँग युवा लक्षित कार्यक्रम (३९ जना लाभग्राही), नर्सरी स्थापना तथा सुदृढिकरण सहयोग (४ जना लाभग्राही काम सम्पन्न), प्राङगारिक खेति गर्ने कृषकहरुलाई प्राङ्गारिक मलमा सहयोग कार्यक्रम सम्पन्न (२२ जना लाभग्राही), मौरी घार तथा उपकरण वितरण (३ जना लाभग्राही काम सम्पन्न), च्याउ खेति प्रवर्द्धन कार्यक्रम (२ जना लाभग्राही काम सम्पन्न), मागमा आधारित विविध कृषि कार्यक्रम अन्तर्गत कुटानी पिसानी मिल स्थापना र लाईट ट्र्याप जडान काम सम्पन्न भुक्तानी सम्पन्न

३. माटो परिक्षण तथा माटो सुधार कार्यक्रम माटो नमुना संकलन भई ४८३ वटा माटो नमुना परिक्षण गरी नतिजा अनुसार कृषि चुन वितरण १२२ टन प्रति के.जी. रु.७.६० पैसाका दरले

४. साना सिंचाई मझौला सिंचाई लाभग्राही छनौट बोरिङ कार्य गरी स्यालो ७१+मझौला ९ बोरिङ निर्माण,

५. आकस्मिक तथा मागमा आधारित विविध कृषि कार्यक्रम अन्तर्गत ९ साना र ५ मझौला बोरीङ निर्माण

६. खाद्यान्न तथा अन्य ढुवानी खरिद कार्यक्रम लोडर अटो-१ बोलेरो-२ ठुलो टयाक्टर-१, कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा अटयाच्मेन्टहरु खरिद कार्यक्रम सम्पन्न ठुलो टयक्टर-३ मिनिटिलर-७ चापकटर-९ रिपर-१२ थ्रेसर-३ रोटाभेटर-२ महप्रसोधन प्लान्ट-१ कर्नसेलर -१७ मिल-१ मेजप्लान्टर-१ ज्याव प्लान्ट-१०

७. कृषि व्यवसाय प्रवर्धन कार्यक्रम शित भण्डारका लागि पुर्वाधार सहयोग भरतपुर १८(प्रदेश) काम सम्पन्न भुक्तानी, बीउ विजन संकलन तथा प्रशोधन केन्द्र स्थापना भरतपुर-२०(प्रदेश) काम सम्पन्न भुक्तानी, तरकारी विकास कार्यक्रम भरतपुर-६(प्रदेश) काम सम्पन्न भुक्तानी सम्पन्न

८. त्रैमासिक अवधिमा यूरीयाः ८४००बोरा डिएपिः १२८८० बोरा पोटास १००० बोरा मल वितरण

सामान्य प्रशासन महाशाखा

**कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा बाट मिति २०८१/०१/०१ गते बाट मिति २०८१/०३/३१ गते सम्म सम्पादित कार्यहरु ।**

- *भरतपुर महानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४* बमोजिम सूचना प्रविधि अधिकृत १ जना, मेडिकल अधिकृत २ जना र ल्याब टेक्नोलोजिष्ट १ जना पदपूर्ति प्रक्रिया मार्फत छनौट गरिएको ।
- सुशासन तथा संस्थागत विकास समिति सँग को समन्व्यमा आ.व.२०८१/८२ को लागि सामान्य प्रशासन महाशाखा सँग सम्बन्धित नीति, कार्यक्रम तथा बजेट निर्माण ।
- नियमित कार्यपालिका बैठक तथा नगर सभा व्यवस्थापनमा सहजिकरण ।
- रूजु हाजिरी तथा अनुगमनमा कैफियत देखिएका कर्मचारीहरूलाई कानून बमोजिम स्पष्टीकरण सोधी सचेत बनाईएको ।
- शाखाबाट सञ्चालन हुने नियमित प्रशासनिक कार्यहरु ।

वातावरण तथा विपद व्यवस्थापन

१) प्रचण्ड मार्गमा वृक्षारोपण भएको

२) दियालो बङ्गलामा वृक्षारोपण र सम्पन्न सरसफाई अभियान सञ्चालन

३) हाकिमचोक देखी भरतपुर अस्पताल सम्म वृक्षारोपण कार्य सम्पन्न

४) सामुदायिक विधालयमा सरसफाइ कल्व गठन सञ्चालन

५) वातावरण दिवसको दिनमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको

६) विभिन्न स्थानमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम गरिएको ।

७) वर्षाको समयमा दुई स्थानमा डम्पिङ्ग साईट व्यवस्थापन (धुर्ब वार्ड नं २४ र नारायणी नदी किनारमा वार्ड नं ३)

८) टोल सौन्दर्यीकरणका लागि वृक्षारोपण भई हुर्कका रुख मुनि कंक्रिट कुचि राख्न कार्य भएको

९) फोहरमैला काम गर्नहरुको लागि व्यक्तिगत स्वास्थ सचेतना तालिम

१०) दैनिक फोहरमैला व्यवस्थापन

११) वातावरण तथा विपद् महाशाखा वाट सम्पादीत कामको अनुगमन

१२) विभिन्न वडामा पार्क निमाण

१३) अस्थायी ल्यान्ड फिल साइटको लागी अनुगमन र निर्णय

१४) मठ मन्दिर गुम्वाहरुको सरसफाई

<u>योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा</u>

सूचना तथा सञ्चार प्रविधि

- २९ वटै वडाका मुख्य मुख्य स्थानहरूमा सीसीटीभी जडानका लागि टेन्डर भएको ।
- वेव वेस्ट इ हाजिरी र अनलाइन दर्ता चलानीको वडा अनुगमन गरी समस्या समाधान गरिएको।
- सूचना तथा संचार प्रविधिशाखा सम्बन्धित नियमित कार्यहारु
- नगरसभाबाट पारित नीति तथा कार्यक्रम सार्वजनिकका लागि प्रेस मिट सम्पन्न
- आइ टि हव संचालनका लागि सभाब्यता अध्ययन प्रतिवेदन सम्बन्धमा सरोकारवालाहरु संग १ दिने अन्त्र्क्रिया कार्यक्रम सम्पन्न ।



शाखा अधिकृत

योजना तथा बजेट

- जम्मा नगरस्तरीय योजना -८६(नगर विकास योजनामा समावेश)
- उपभोक्ता समिति मार्फत -३०
- ठेक्का मार्फत -१००
- सम्झौता भएका योजना -३०
- योजना अनुगमन संख्या -३००
- योजना भुक्तानी सिफारिस -३००
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम -२
- संघीय समपुरक -२
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम -३

**८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

- कार्यालय प्रमुखः लक्ष्मी प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)
- सम्पर्क नं. ९८५२८३५७५४

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः**

**यस त्रैमासिकमा कार्यविधि १ र निर्देशिका १ वटा पारित गरिएको ।**

**१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण**

२०८१ बैशाख १ गते देखि २०८१ असार मसान्तसम्मको आय विवरण :

शाखा अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४

आन्तरिक आय:

| सि.नं. | आय शिर्षक नाम | जम्मा संकलित रकम (रु.) |
|---|---|---|
| १ | सम्पत्ति कर | १,९५,२३,६५८.०० |
| २ | भुमिकर/मालपोत | ६३,३५,८३५.८३ |
| ३ | वहाल कर | ४,१४,५९,७८९.०१ |
| ४ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २१,०३,४६६.०० |
| ५ | नदिजन्य ,प्राकृतिक स्रोत आम्दानी | ६,२५,०८,९१४.२० |
| ६ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १६,६७,७१२.५० |
| ७ | अन्य मनोरञ्जन कर | २४,०२,३४१.९१ |
| ८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २,०१,७६,४०७.८९ |
| ९ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | १००.०० |
| १० | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | ३१,३५,०५८.०० |
| ११ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १८,७९,९९,९२१.०० |
| १२ | अन्य बिक्रीबाट प्राप्त रकम | ५८,३२५.०० |
| १३ | विद्युत सेवा शुल्क | १,१८,६३०.०० |
| १४ | अन्य सेवा शुल्क | १,३६,८१,९२३.४६ |
| १५ | शिक्षा क्षेत्रको आम्दानी | ९४,०००.०० |
| १६ | पार्किङ्ग शुल्क | १,१४,९१,९७१.३३ |
| १७ | नक्सापास दस्तुर | ७,३०,१०,६५८.१४ |
| १८ | सिफारिश दस्तुर | २,०५,०७,७१५.५१ |
| १९ | व्यक्तिगत घटना दर्ता दस्तुर | १३,९०,६९८.०० |
| २० | नाता प्रमाणित दस्तुर | ७५,२५०.०० |
| २१ | अन्य दस्तुर | ५८,५०,०९१.४५ |
| २२ | प्रशासनिक दण्ड ,जरिवाना र जफत | ३,००,६१३.०८ |
| २३ | अन्य राजस्व | ८,९७,४९३.०० |
| २४ | बेरुजु | १,०८,६९७.०० |
| मिति २०८१/०१/०१ देखि २०८१/०३/३१ सम्म को जम्मा रु | | ४७,४८,९९,२७०.३१ |
| मिति २०८०/०४/०१ देखि २०८०/१२/३० सम्म को अ.ल्या जम्मा रु. | | ८३,४२,४९,०२२.८८ |
| जम्मा : | | १,३०,९१,४८,२९३.१९ |



शाखा अधिकृत

व्यय विवरण :

२०८१ असार मसान्त सम्मको खर्च विवरण

| विनियोजित रकम | वार्षिक बजेट (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| १ चालुतर्फ | २७२१९६४००० | २२९७१५०२२२.८५ | ८४.३९ |
| २ पूँजिगततर्फ | ३६९९३६६००० | १८९९७०७५९४ | ५१.३५ |
| जम्मा | ६४२१३३०००० | ४१९६८५७८१७.२८ | ६५.३६ |

**११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

| क्र.स. | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | शारदा भुषाल झा | सूचनाको हक कार्यान्वयन मा छुट्टाइएको बजेट सम्बन्धमा | २०८१।२।२७ | १८०९१ | उपलब्ध गराइएको |
| २ | रुक्शाना कपाली | भाषाको सान्दर्भिकता सम्बन्धमा | २०८१।३।१८ | २०२६६ | उपलब्ध गराइएको |
| ३ | तारा बहादुर भण्डारी | वडा अध्यक्षको मोटर साइकल खरीद र मर्मत सम्बन्धमा | २०८१।३।१८ | २०२४६ | उपलब्ध गराइएको |

शाखा अधिकृत